# स्थानीय राजपत्र

## भानु नगरपालिकाद्वारा प्रकाशित

**खण्ड: ०२** **संख्या: १** **मिति: २०७६/०७/०१**

## भाग-२
## भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

### भानु नगरपालिकाको योजना तर्जुमा कार्यविधि, २०७६

प्रमाणिकरण मिति २०७६/०६/१४

**(१) संक्षिप्त नाम र प्रारम्भः**(१) यस नियमावलीको नाम "भानु नगरपालिकाको योजना तर्जुमा कार्यविधि,२०७६ " रहेको छ ।

**(२) परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) उपभोक्ता समिति भन्नाले भानु नगरपालिकामा संचालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्ने कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट प्रचलित कानुन वमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ ।

(ख) कार्यक्रम भन्नाले यस नियमावली वमोजिम संचालन हुने नगर सभाद्वारा स्वीकृत योजना कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत संचालन हुने पूर्वाधार निर्माण आयोजनालाई समेत जनाउँछ ।

(ग) कार्यालय भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

**३. वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा :** नगरपालिकाले आगामी आर्थिक वर्षको लागि वार्षिक बजेट तथा कार्यक्रम कानुनमा मिति तोकिएकोमा सोहि मितिमा र अन्य अवस्थामा आर्थिक वर्ष शुरु हुनु अगावै तर्जुमा गरी सभावाट स्वीकृत गर्नुपर्नेछ । बजेट तथा कार्यक्रम तर्जुमाको लागि देहाय बमोजिमका समितिहरू रहने छन ।

३.१ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

३.१.१. नगरपालिकामा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तय गर्न नगरपालिकामा देहायबमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुनेछ ।

क) नगर कार्यपालिकाका प्रमुख - संयोजक

ख) नगर कार्यपालिकाका उपप्रमुख - सदस्य

ग) प्रमुखले कार्यपालिकाका सदस्यहरूमध्येबाट तोकेको महिला, दलित वा अल्पसंख्यकवाट प्रतिनिधित्व हुने गरी वढिमा ४ जना - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

३.१.२ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने आय, संघीय तथाप्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने ।

ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरि प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने ।

ग) आगामी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने ।

घ) विषय क्षेत्रगत बजेटको सीमा (Ceiling) निर्धारण गर्ने ।

ङ) संघीय/प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमाबजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तय गर्ने ।

च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने ।

छ) श्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्वन्धी नगरपालिकाको आवश्यकता र निर्णय वमोजिमका अन्य कार्यहरू गर्ने ।

३.२ बजेट तथा कार्यक्रम तर्जूमा समिति

३.२.१. स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट तयार भएको आयको प्रक्षेपण र वितरणको खाकामा आधारित भई नेपालको संविधानको धारा २३० बमोजिम स्थानिय सरकार संचालन ऐन-२०७४ बाट प्रदत्त नगरपालिकाको वार्षिक वजेट तथा कार्यक्रम तर्जूमा गर्न देहाय बमोजिमको समिति गठन हुनेछ :

क) नगर कार्यपालिकाको उपप्रमुख - संयोजक
ख) विषयगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरू - सदस्य
ग) नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य
घ) योजना शाखा प्रमुख -सदस्य सचिव
३.२.२. बजेट तथा कार्यक्रम तर्जूमा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :
क) आगामी आ.व.को नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने ।
ख) श्रोत अनुमान समितिले दिएको बजेट सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने ।
ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी नगर कार्यपालिकमा पेश गर्ने ।
घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने ।
ङ) बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी नगरपालिकाको आवश्यकता र निर्णय वमोजिमका अन्य कार्यहरू गर्ने ।
**४. वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रिया :** भानु नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न चरणहरूको अवलम्बन गर्नुपर्नेछ :
४.१. संघ तथा प्रदेशवाट वित्तिय हस्तान्तरणको खाका एवं वजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्न भानु नगरपालिकाले प्रत्येक वर्ष संघीय/प्रदेश सरकारवाट वित्तिय हस्तान्तरणको खाका तथा मार्गदर्शन प्राप्त गरि उक्त खाका, मार्गदर्शन एवं स्थानीय श्रोत साधन समेतको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।
४.२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण :
४.२.१. राजस्व परामर्श समितिले राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नेछ ।
४.२.२. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आवको बजेटको कुल सीमा, विषयक्षेत्रगत बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार र मार्गदर्शन तय गरी स्वीकृतीको लागि नगर कार्यपालिकामा पेश गर्नछे ।
४.२.३. विषयक्षेत्रगत सीमा निर्धारण गर्दा समपुरक कोष, लक्षित समुह विकास, आर्थिक, सामाजिक तथा पुर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरूको लागि निश्चित रकम छुट्याउन सकिनेछ ।
४.२.४. नगर कार्यपालिकाले विषयक्षेत्रगत बजेट सीमा, मार्गदर्शन तथा प्राथमिकिकरणका आधारहरू स्विकृत गरि वडा तहमा पठाउने ।
४.२.५. वडा समितिले प्राप्त विषयक्षेत्रगत मार्गदर्शनमा छलफल गर्ने, वडा अन्तर्गतका बस्तिहरूमा योजना छनौटको मोडालिटी तयार गर्ने, बस्तीहरूमा योजना छलफलको मिति तय गरी सूचना गर्ने ।
४.३. बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट :
४.३.१. वडा समितिले वस्तीस्तरको आयोजना/कार्यक्रम छनौटको ढाँचा तय गर्दा वडा भित्रका वस्तिहरूलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरि सबै नागरिकलाई योजना छनौटको वस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।
४.३.२. वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोलि परिचालन गर्नु पर्नेछ ।
४.३.३. वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनौट गर्दा वालवालिका, महिला, आदिवासी/जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सवै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्नेछ ।
४.३.४. वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनौटमा नागरिक समाजका संस्थाहरू, महिला/आमा समुहहरू, वालक्लवहरू, स्थानीय गैर सरकारी संस्थाहरू, सहकारी संस्थाहरू, निजी क्षेत्रका संस्थाहरू जस्ता स्थानीय संघ संस्थाहरूको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

४.३.५. वस्तीस्तरमा छनौट भएका आयोजना र कार्यक्रमहरूको सूची तयार गरि वडा समितिमा पेश गर्नु पर्नेछ ।

४.४. वडा स्तरीय आयोजना/कार्यक्रमहरूको प्राथमिकिकरण

४.४.१. वडा समितिले नगरपालिकाबाट प्राप्त आयोजना र कार्यक्रमहरूको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषयक्षेत्र समेत छुट्याई प्राथमिकिकरण गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरि पठाउनु पर्नेछ । वडा समितिले प्राथमिकीकरण गर्दा वडास्तरमा क्रियाशिल राजनितिक दलको प्रमुख/प्रतिनिधीहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

४.४.२. वडा समितिले वस्तिस्तरबाट माग नभएका तर नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना र कार्यक्रमहरूलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सक्नेछ ।

४.५. बजेट तथा कार्यक्रम तर्जूमा

४.५.१. बजेट तथा कार्यक्रम तर्जूमा समितिले वडा समितिबाट प्राथमिकिकरण भई आएका आयोजना/कार्यक्रमहरू नगरस्तरमा सञ्चालन गर्न आवश्यक देखिएका आयोजना र कार्यक्रम समेतका आधारमा विषयक्षेत्रगत सूची तयार गर्नुपर्नेछ ।

४.५.२. विषयक्षेत्रगत सूची तयार गर्दा देहाय वमोजिम क्षेत्र छुट्याउनु पर्नेछ :

क) आर्थिक विकास ( कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र )

ख) सामाजिक विकास ( शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण ),

ग) पूर्वाधार विकास ( सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत), संचार

घ) वातावरण तथा विपद व्यवस्थापन (वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, Sanitary Land Fill Sites, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारूणयन्त्र सञ्चालन

ङ) संस्थागत विकास तथा सेवा प्रवाह (मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग,

च) वित्तीय व्यवस्थापन र सुशासन (लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, वित्तीय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छौट, सुचना तथा संचार व्यवस्थापन,

४.५.३. विषयगत कार्य समुहले निम्न पक्षहरूलाई समेत मध्यनगर गर्दै आयोजना र कार्यक्रमको प्राथमिकिकरण गर्नु पर्नेछ :

क) नगर कार्यपालिकाले तय गरेको आयोजना र कार्यक्रम प्राथमिकिकरण मापदण्ड र आधार

ख) आयोजनाहरूको सञ्चालनको संभाव्यता, प्राविधिक क्षमता र बजेट सीमा

ग) आयोजना र कार्यक्रममा हुन सक्ने दोहोरोपना, अन्तर विषयगत परिपुरकता र अन्तरसम्बन्ध

४.५.४. विषयगत कार्य समुहले विषयक्षेत्रगत छलफलमा सम्वन्धित विषयका विज्ञ वा क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

४.५.५. विषयगत कार्य समुहबाट छलफल भई प्राथमिकिकरण भएका आयोजना र कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्विकृतीको लागि नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

४.५.६. बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयोजना र कार्यक्रम सिफारिश गर्दा खर्च व्यहोर्ने श्रोत किटान भएका तथा बजेट सुनिश्चित भएका आयोजना र कार्यक्रमहरू मात्र पेश गर्नु पर्नेछ ।

४.५.७. बजेट तथा कार्यक्रम समितिले बजेट तथा कार्यक्रम पेश गर्दा देहाय वमोजिमका विवरणहरू समेत तयारी गरी पेश गर्नु पर्नेछ । विवरण तयार गर्ने ढाँचा अनुसुचीहरूमा संलग्न भए वमोजिमको हुनुपर्नेछ ।

क) आगामी वर्षको लागि प्रस्तावित राजस्व र करका दरहरू
ख) नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम
ग) नगरपालिकाको गत आवको यथार्थ, चालु आवको संसोधित अनुमान र आगामी आवको अनुमानित आय व्ययको विवरण
घ) नगरपालिकाको वार्षिक विकास कार्यक्रम (आयोजना र कार्यक्रमको विवरण)
ङ) विनियोजन विधेयक
च) आर्थिक विधेयक
४.६. नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने
४.६.१. बजेट तथा कार्यक्रम तर्जूमा समितिले पेश गरेको नीति तथा कार्यक्रम, वार्षिक विकास कार्यक्रम बजेट नगर कार्यपालिकामा छलफल गरि स्विकृत गर्नु पर्नेछ ।
४.६.२. यसरी स्विकृत नीति तथा कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रमबजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले नगर सभामा असार १० गते बजेट भाषण मार्फत पेश गर्नेछ ।
४.७. नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति
४.७.१. नगर कार्यपालिकाले पेश गरेको नीति, कार्यक्रम र बजेट उपर नगर सभामा दफावार छलफल गरि वहुमतले पारित गर्नु पर्नेछ ।
४.७.२. यसरी पारित भएको नीति, कार्यक्रम र बजेट कार्यान्वयनको लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।
४.७.३ नगर कार्यपालिकाको कार्यालयले यसरी प्राप्त भएको नीति कार्यक्रम र बजेटको कार्यान्वयनको समयतालिका समेत तयार गरी कार्यान्वयनमा लैजानु पर्नेछ ।

**(५) वडा स्तरीय योजना तर्जुमा समिति**

(१) प्रत्येक वडामा रहेको वडा समितिले स्थानिय सरकार संचालनऐन(२०७४ को दफा १२(२) क वमोजिम छनौट गरि सिफारिस गर्नु पर्नेछ ।

(२) वडा स्तरीय योजनातर्जुमागर्दा स्थानीय स्तरका सरोकारवाला तथा क्रियाशिल राजनैतिकदलकाप्रमुखप्रतिनिधिहरुको आमन्त्रणमागर्नु पर्नेछ ।

(३) वडा सचिवले उपनियम(१) बमोजिमको समितिको योजना तर्जुमा समितिको सचिव भई काम गर्नेछ ।

**(६) समितिको काम कर्तव्य र अधिकार** : समितिको कामकर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) वडा अन्तर्गत रहेका योजना संकलन तथा विश्लेषण गर्ने ।

(ख) नगरपालिकाले तोकेको मापदण्डको अधिनमा रही वडागत आयोजना छनौटको मापदण्ड तयार गर्ने ।

(ग) नियम वमोजिम छनौट भएका आयोजनाको नगर कार्यपालिकामा सिफारिस गर्ने

(घ) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र छनौट हुने योजनाहरुका लागि बैठक,भेलाको आयोजना गर्ने ।

(ङ) सहभागितामुलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरि वस्ती तथा टोलस्तरीय योजनाको माग संकलन,प्राथमिकीकरण तथा छनौट गर्ने ।

**(७) आयोजना छनोट :** (१) समितिले नियम ४ मा उल्लेखित आयोजनाहरु मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजना छनोट गर्नु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम आयोजना छनोट गर्दा सम्भव भएसम्म सहभागिता मूलक योजना पद्धतिबाटछनोट भएका वा सम्बन्धित वस्ती टोल स्तरबाट माग भएका आयोजनामध्येबाट छनोट गर्नु पर्नेछ ।

(३) समितिले आयोजना छनोट गर्दा सम्भवभएसम्म एक आर्थिक बर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनोट गरि नगरपालिकामा प्रत्येक बर्षको बैशाख १५ भित्रपठाई सक्नु पर्नेछ ।

(४) उपनियम (३)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक आर्थिक बर्षमा सम्पन्न हुन नसक्ने आयोजनाको हकमा नगरसभाले उक्त आयोजनालाई आफ्नो योजनामा समावेश गरी बहुबर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न सक्नेछ ।

(५) उपनियम (१)वमोजिम आयोजना छनोट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकता दिनु पर्नेछ ।

(क) स्थानिय तहको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धि आयोजना,

(ख) श्रममा आधारित रोजगारी सृजना गर्ने किसिमका पूर्वाधार सम्बन्धिआयोजना,

(ग) बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपदबाट क्षति भएको वा हुनसक्ने समस्यालाई सम्बोधन गर्ने पुर्व तयारी र जोखिम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धि आयोजना,

(ङ) स्थानिय तह,साविकको जिल्ला विकास समिति,विषयगत कार्यालय तथा समुदायद्वारा संचालित अधुरा रहेका पूर्वाधार विकास सम्बन्धि आयोजना ।

(६) उपनियम (१)वमोजिम आयोजना छनोट गर्दा देहाय बमोजिमका आयोजना समेत छनोट गर्न सकिनेछ ।

(क) प्रकोप वा विपदबाट क्षति भएका वा जोखिममा परेका र सोको पुननिर्माण,नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्थान भएका तथा बजेट व्यवस्था भएपनि पर्याप्त नभएका आयोजना,

(७) आयोजना वडाले छनोट गर्दा एक वडामा एक आर्थिक बर्षमा बढीमा २० वटा आयोजना छनोट गर्न सकिनेछ ।

(८) उपनियम(७)मा जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (१) बमोजिम आयोजना छनोट गर्दा कार्यक्रमबाट कम्तिमा विस लाख रुपैयाँको एक वटा नमुना योजना छनोट गरी सामान्यतय अर्को एक वटा १० लाख रुपैया सम्मको आयोजना छनोट गर्नुपर्नेछ ।

तर पाँचलाख रुपैया भन्दाकम रकमको आयोजना छनोट गर्न पाइने छैन । तथापी प्रत्येक वडाले आफ्नो वडाको विविध समस्या समाधानार्थ बढीमा रु.५ लाख सम्मको विविध योजना छनोट गर्न वाधा पर्ने छैन ।

(९) योजना तथा कार्यक्रमको छनोट गर्दा त्यसको आवश्यकता,औचित्यता,दिगोपन,सो बाट लाभान्वित हुने सम्भाव्य जनसंख्याको प्रतिशत तथा प्राप्तहुने उपलब्धिको ठोस आकलन आदिको विश्लेषण गर्नुपर्नेछ ।

(१०) योजना छनोट गर्दा सम्बन्धित जनताको आयस्तर वृद्धिगर्ने,आधारभूत भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्ने,गरिबी कम गर्न सहयोग पुग्ने ,रोजगारी सृजनामा मद्धतपुग्ने र स्थानिय सीप,साधन र श्रोतको अधिकतम उपयोग हुने किसिमले छनोट गर्नु पर्नेछ ।

(११)योजनाको सम्भाव्यता लागत,योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,कार्यान्वयनका लागि आवश्यक भौतिक तथा वित्तीय क्षमता वा जनशक्ति,योजनाको आवश्यकता, प्राथमिकता जस्ता विषयहरुलाई आधार मानी अधिकतम उपलब्धी हासिल हुने योजनालाई प्राथमिकता दिई छनोट गर्नु पर्नेछ ।

(१२) योजना छनोट गर्दा स्थानिय उपभोक्ताको लागत सहभागिताको अंश समेत एकिन गरि छनोट गर्नु पर्नेछ ।

(१३)नगरपालिकाले योजनाबनाउदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछ ।

(क)आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदानपुग्ने,

(ख)उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग)जनताको जीवनस्तर,आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानिय बासिन्दाहरुको सहभागिता जुट्ने,स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानिय स्रोत,साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग,क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दिगो विकास,वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने

(ञ) राजस्व परिचालनमा योगदान पुऱ्याउने,

(ट) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

(ठ) समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल (Resilience) बनाउने,

(ड) नगरपालिकाले आवस्यक देखेका अन्य विषयहरू ।

**(८) योजना छनोट गर्न नहुने** : (१) नियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका प्रकृतिका योजना तथा कार्यक्रम छनोट गर्न पाइने छैन

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका योजना तथा कार्यक्रम

(ख) तलव,भत्ता,मसलन्द लगायतका साधारण खर्च,अनुदान,आर्थिक सहायता ,चन्दा तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रम

(ग) सिमित वर्ग,व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदापुग्ने प्रकृतिका योजना तथा कार्यक्रम

(घ) राष्ट्रिय एकता,धार्मिक,सांस्कृतिक तथा सामाजिक सद्भाव खलल पुग्ने प्रकृतिका योजना कार्यक्रम

(ङ)वातावरण संरक्षणमा प्रतिकुल प्रभाव पार्ने खालका योजना

(च)अन्य अनुदान तथा श्रोतबाट संचालनमा रहेको योजना तथा कार्यक्रममा दोहोरो पर्ने गरी माग भएका योजना तथा कार्यक्रम

**(९) कार्यक्रममा साझेदारी गर्न सकिने**

(१) नगरपालिकाबाट कार्यान्वयन हुने आयोजनामा सम्बन्धित सरोकारवाला,टोल,उपभोक्ताहरुले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तीय साझेदारी गर्न सक्नेछ । वित्तिय साझेदारीका लागि योजना तर्जुमा चरणमा नै सार्वजनिक सूचना जारी गरिने छ ।

(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनामा नगरपालिकाको नियम वमोजिम उपभोक्ता समितिबाट लागत साझेदारी गर्नु पर्नेछ । लागत साझेदारी १०% भन्दा कम हुने छैन । सामान्यातय लागत साझेदारी नगरीकन उपभोक्ता समितिबाट काम गरिने छैन ।

उपभोक्ता समितिले साझेदारी गर्ने योजना रु.५ लाख भन्दा कमि हुने छैन ।

(३) यस कार्यक्रम अन्तर्गत छनोट भएका आयोजनामा सम्बन्धित प्रदेश र संघिय तहका कार्यक्रमबाट साझेदारी गर्न सकिनेछ ।

(४) नगरपालिका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न चाहने गैर सरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्नु पूर्व नगर सभाबाट कार्यक्रम परित गराउनु पर्नेछ ।

(५) गैर सरकारी संस्थाले कार्यक्रम सञ्चालनको प्रस्ताव नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । नगर कार्यपालिकाको कार्यालयले यस्तो प्रस्तावलाई बजेट तथा कार्यक्रम समितिमा पठाई सम्बन्धित विषय क्षेत्रगत समितिहरूमा छलफल गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) निजी क्षेत्रका संस्थाहरूसगँको सहकार्यमा सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्नु पूर्व नगर सभाबाट कार्यक्रम पारित गराउनु पर्नेछ ।

**१०. बजेट तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मुल्यांकन**

१०.१. बजेट तथा कार्यक्रमको कार्यान्वयन

१०.१.१. नगर सभाबाट वार्षिक कार्यक्रम तथा बजेट स्विकृत भए पछि नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम कार्यान्वयन योजना तयार गर्नु पर्नेछ ।

१०.१.२. कार्यान्वयन कार्ययोजना तयार गर्दा कार्यान्वयनको ढाँचा (Modality), समय सीमा, कार्यान्वयन गर्ने जिम्मेवार निकाय वा पदाधिकारी, अनुगमन मुल्यांकनको मापदण्ड र प्रक्रिया समेत तोक्नु पर्नेछ ।

१०.१.३. आयोजना र कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन लगायत प्रचलित कानुनको अधिनमा रहि गर्नु पर्नेछ ।

१०.२. बजेट तथा कार्यक्रमको अनुगमन र मुल्यांकन

१०.२.१. नगरपालिकाले संचालित आयोजनाहरूको नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

१०.२.२. अनुगमन गर्दा स्पष्ट नतिजा सूचक सहितको अनुगमन फारम तयार गरी प्रयोग गर्नु पर्नेछ ।

१०.२.३. योजना प्रगती समिक्षाको लागि नगर प्रमुखको संयोजकत्वमा स्थानीय विकास समस्या समाधान समिति गठन गर्नुपर्नेछ । यस्तो समितिको वैठक कम्तीमा वर्षको ३ पटक वस्नुपर्नेछ ।

१०.२.४. नगरपालिकाहरूले आयोजना/परियोजनाको अनुगमन, सुपरिवेक्षण र मुल्यांकनको लागि विभिन्न समितिहरू गठन गर्न सक्नेछन् ।

१०.२.५. अनुगमन मुल्याकंन सम्बन्धी अन्य व्यवस्थाको वारेमा नगर कार्यपालिकाले आवश्यक कार्यविधी तयार गर्न सक्नेछन् ।

**११. विविधः**

राजस्व तथा खर्च शिर्षकको प्रयोग : नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम बनाउँदा नेपाल सरकारले तोके बमोजिमका राजस्व तथा खर्चका शिर्षकहरूको प्रयोग गर्नु पर्नेछ ।

**आज्ञाले**
**राजेन्द्र देव पाण्डे**
**प्रमुख प्रशासकिय अधिकृत**